नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरवार, काठमाडौं, नेपाल

पत्र संख्याः मितिः२०७३/१२/७

च.नं.:

# माननीय उपाध्यक्ष तथा नेपाल भ्रमणमा रहनुभएका जिम्बाब्वेका माननीय मन्त्री न्योनीबीच भेटवार्ता

## प्रेस विज्ञप्ति

काठमाडौं ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष माननीय डा. मीनबहादुर श्रेष्ठ तथा नेपाल भ्रमणमा रहनुभएका जिम्बाब्वेका साना तथा मझौला उद्योग तथा सहकारी विकास मन्त्री माननीय सिथेम्बिसो न्योनी बीच आयोगको कार्यालय सिंहदरबारमा सोमबार भेटवार्ता सम्पन्न भयो ।

भेटका अवसरमा माननीय न्योनीले जिम्बाब्वेले सन् २००२ देखि छुट्टै साना तथा मझौला उद्योग मन्त्रालय गठन गरी साना तथा मझौला उद्योगको प्रवर्द्धनमा जोड दिएको बताउनुभयो । त्यसैगरी, सहकारीको क्षेत्रमा पनि लामो समय देखि विभिन्न विधिगत तथा संस्थागत व्यवस्था गरिएको र सहकारीको माध्यमबाट साना तथा मझौला उद्योगको उत्थान गर्न प्रयासरत रहेको उल्लेख गर्दै नेपालमा साना तथा मझौला उद्योग र सहकारी क्षेत्रका गतिविधि अध्ययन गरी नेपालबाट नयाँ कुरा सिक्ने उद्देश्यका साथ आफू नेपाल भ्रमणमा आएको कुरा बताउनुभयो ।

उक्त अवसरमा माननीय उपाध्यक्ष डा. श्रेष्ठले नेपालमा पनि करिब तीन दशक अघि घरेलु तथा साना उद्योगको प्रवर्द्धन गर्न सञ्चालित कार्यक्रम अन्तर्गत गलैचा तथा पश्मिना क्षेत्रको उत्पादनमा वृद्धि हुनुका साथै रोजगारीको सृजना भएको, पछिल्लो समयमा MEDEP तथा MEDPA कार्यक्रम अन्तर्गत साना तथा मझौला उद्योगको प्रवर्द्धन कार्यक्रम अघि बढेको, बैकिङ्ग क्षेत्रमा पनि साना तथा मझौला उद्योगलाई कर्जा प्रवाह गर्न विशेष व्यवस्था गरिएको, त्यसका साथै अन्य क्षेत्रमा समेत केहि कार्यक्रम सञ्चालन गरिएको भएता पनि साना तथा मझौला उद्योग हेर्ने छुट्टै मन्त्रालय वा निकाय नभएकोले साना तथा मझौला उद्योगसम्बन्धी एकीकृत तथ्याङ्क उपलब्ध नभएको कुरा बताउनुभयो ।

त्यसैगरी, नेपालमा सहकारीहरुले लामो समयदेखि आर्थिक कृयाकलापमा टेवा दिएको, पछिल्लो समयमा सहकारी क्षेत्रमा बचत तथा ऋण सहकारीको बढी बोलवाला रहेको र एकाध सहकारीमा भएको समस्याको कारण समग्र सहकारी प्रतिको छविमा प्रभाव परेको साथै सहकारीको सिद्धान्तको पूर्ण परिपालना गराउँने कार्य चुनौतिको रुपमा रहेको समेत बताउनुभयो ।

भेटवार्ताका क्रममा नेपाल तथा जिम्बाब्वेबीच व्यापार तथा लगानी विस्तारको लागि सम्भवित क्षेत्रबारेमा पनि छलफल भएको थियो । यस सन्दर्भमा विशेषगरी सुरुको चरणमा एक अर्को देशमा पर्यटन प्रवर्द्धन गर्न उपयुक्त हुने महशुस गरिएको थियो ।

उक्त भेटवार्तामा जिम्बाब्वेका साना तथा मझौला उद्योग तथा सहकारी विकास मन्त्रालयका सचिव लगायत ९ जनाको सहभागिता रहेको थियो भने आयोगका तर्फबाट माननीय सदस्य डा. चन्द्रकान्त पौडेल तथा सहसचिव लालशंकर घिमिरेको उपस्थिति रहेको थियो ।

मितिः २०७३ चैत्र ७